समाज कल्याण परिषद्,

**परियोजना सम्झौता निर्देशिका २०७१**

प्रथम संशोधन- २०७३

| क्र. स | नियम र उप-नियम | **साविकको व्यवस्था** | **संशोधन** | **संशोधनको पुष्ट्याईं** |
|---|---|---|---|---|
| १ | ७.१. (ग) संशोधन : | परियोजना कार्यान्वयन हुने जिल्लामा दर्ता भएको गैरसरकारी सामाजिक संस्थालाई प्राथमिकता दिने। | ७.१. (ग) संशोधन :<br>परियोजना कार्यान्वयन हुने जिल्लामा दर्ता भएका गैरसरकारी सामाजिक संस्थालाई लिने । तर विशेष किसिमको प्राविधिक तथा अनुसन्धानका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्था सम्वन्धित जिल्लामा नभएको भन्ने पुष्ट्याई सहित आएको अवस्थामा जिल्ला वाहिरका गैरसरकारी संस्थालाई सहयोगि संस्थाको रुपमा अनुमति दिन सकिने छ । तर, स्थापित जिल्ला भन्दा वाहिरी जिल्लामा कार्यक्रम सञ्चालन गर्ने भएमा त्यस्तो जिल्लाको स्थानीय संस्थालाई अनिवार्य सहयोगी (साझेदार) संस्थाका रुपमा राख्नु पर्नेछ । | विशेष प्रकारका प्राविधिक क्षेत्रमा काम गर्ने संस्थाहरु सवै जिल्लामा नहुने भएकोले एक जिल्लामा काम गर्ने संस्थालाई अन्यत्र काम गर्न दिने वातावरण वनाउन आवश्यक भएकोले । |
| २ | ७.१(क) संशोधन : | साझेदारी संस्थाको छनौट पारदर्शीताको आधारमा गर्ने । | ७.१(क) संशोधन :<br>साझेदारी संस्थाको छनौट पारदर्शीता हुने गरि Expression of Intrest का आधारमा गर्ने । | थप स्पष्ठता गर्न आवश्यक भएकोले |
| ३ | ७ (ग) संशोधन : | तर परियोजना स्थलको जिल्लामा भएका गैससहरु योग्य नभएमा छिमेकी जिल्लाका नेपाली गैरसरकारी सामाजिक संस्थाहरुको छनौट गर्ने, छिमेकी जिल्लाहरुमा पनि नभए अंचल तथा क्षेत्रिय स्तरका संस्थाहरुको छनौट गर्ने । यस्तो अवस्थामा दुई वर्षको अनुभव नभएका संस्थाहरुको छनौट भए पनि सम्वन्धित जिल्लामा दर्ता भएका मध्येवाट सहायक साझेदारी संस्थाको रुपमा छनौट गर्ने र ६ महिना देखि १ वर्ष सम्मको क्षमता अभिवृद्धि तालिम प्रदान पश्चातमूल साझेदारी संस्था कार्यक्रमवाट वाहिरिन सक्नेछ । | ७ (ग)संशोधन :<br>तर परियोजना स्थल हुने जिल्लाका गैरसरकारीहरु योग्य नभएमा छिमेकी जिल्लाका नेपाली गैरसरकारी सामाजिक संस्थाहरुको छनौट गर्ने, छिमेकी जिल्लाहरुमा पनि नभए अंचल तथा क्षेत्रिय स्तरका संस्थाहरुको छनौट गर्ने । यस्तो अवस्थामा कम्तिमा दुई वर्षको अनुभव भएका संस्थाहरुको छनौट गर्नु पर्ने छ । तर विशेष किसिमका, प्राविधिक क्षेत्रमा साझेदारी राख्दा सो क्षेत्रमा दुई वर्षको अनुभव भन्दा कम भए पनि सम्वन्धित जिल्लामा दर्ता भएका मध्येवाट सहायक साझेदारी संस्थाको रुपमा छनौट गर्ने र ६ महिना देखि १ वर्ष सम्मको क्षमता अभिवृद्धि | थप स्पष्टताका लागि आवश्यक भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | तालिम प्रदान पश्चात मूल साझेदारी संस्था कार्यक्रमवाट वाहिरिनु पर्नेछ । | |
| ४ | ७.२ संशोधन : | उपदफा (घ) प्रत्येक वर्ष नियमित रुपमा लेखापरीक्षण गराई प्रतिवेदन सम्बन्धित निकायमा पेश गरेको । | ७.२ संशोधन : प्रत्येक वर्ष नियमित रुपमा लेखापरीक्षण भएको प्रतिवेदनमा बैदेशिक सहयोग प्राप्त गरेको भए, समाज कल्याण परिषद्वाट स्वीकृति भएको कागजात पेश गर्नु पर्ने छ । | लेखापरीक्षणमा देखिएको वैदेशिक सहयोग रकमको अभिलेखिकरणको पुष्ठाई गर्न आवश्यक भएकोले । |
| ५ | २१ (ञ) संशोधन : | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैरसरकारी सामाजिक संस्थाको बैंक खाता परिषद्को सिफारिसमा कुनै वाणिज्य बैंकमा खोल्नु पर्नेछ । | २१ (ञ) संशोधन : अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाको बैंक खाता परिषद् कार्यालयको सिफारिसमा कुनै वाणिज्य बैंकमा खोल्नु पर्नेछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बैंक खाता देशिय प्रतिनिधि र एक नेपाली कर्मचारी सहित दुई जनाको संयुक्त हस्ताक्षरवाट सञ्चालन गर्नु पर्नेछ । | वैक खाता दुई व्यक्तिवाट संचालन हुने वनाउन आवश्यक भएकोले । |
| ६ | २५ (घ) संशोधन : | उपप्रकरण नं. (ग) बमोजिम पेश हुन आएको परियोजना सम्झौतामा नियमानुसार निर्णय प्रकृयाकालागि विभागीय रायका साथ परियोजना विश्लेषण उप समितिमा पेश गर्ने । | २५ (घ) संशोधन : उपप्रकरण नं. (ग) वमोजिम पेश हुन आएको परियोजना सम्झौता निर्णय प्रकृयाकालागि विभागीय रायसाथ योजाना तथा कार्यक्रम उप समितिमा पेश गर्ने । कुनै कारणवस उप समिति नरहेको वा उपसमितिको बैठक वस्न नसक्ने भएमा विभागले सदस्य सचिवमा पेश गर्न वाधा पर्ने छैन । | कार्यान्वयनमा जटिलता देखिएकोले सहजीकरण गर्नु वाँछनिय देखिएकोले । |
| ७ | २८ (ङ) संशोधन : | कुनै पनि राष्ट्रको कानूनले दोषी करार नगरेको हुनु पर्ने । | २८ (ङ) संशोधन : कुनै पनि कानून्ले दोषी करार नगरेको हुनु पर्ने । | कार्यान्वयनमा समस्या देखिएको र नियममा प्रष्ट पार्न अपरिहार्य भएकोले । |
| ८ | ३२ (ग) संशोधन : | ३३ %भन्दा बढी बजेट थप नभएको हुनु पर्ने । | ३२ (ग) संशोधन : मुल सम्झौता भएको कुल बजेटको २५% भन्दा वढि संसोधन गर्न पाईने छैन । यसरी संसोधन गरिएको अधिकतम् रकम दश करोड भन्दा वढि हुनेछैन । | वजेट संशोधनलाई निरुत्साहित गर्न आवश्यक भएका साथै महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट पनि सुझाव प्राप्त भएकोले । |
| ९ | नियम३५क थप गर्ने | थप गर्ने | नियम ३५क थप गर्ने: अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना सम्झौता प्रस्ताव वजेटको आकार (Volume) अनुरुप विषयगत क्षेत्र निर्धारण गर्नु पर्ने छ । | सानो वजेटमा धैरै विषयगत क्षेत्रमा काम गर्न निरुत्साहित गर्न आवश्यक भएका र साथै महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट पनि सुझाव प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | भएकोले । |
| १० | नियम३५ख थप गर्ने | थप गर्ने | नियम ३५ख थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सम्झौताका लागि पेश गर्ने कार्यक्रमका कार्यक्षेत्रको सम्वन्धमा (Area Coverage) जिल्ला तोक्दा दोहोरो नपर्ने गरि धेरै गाविस समेट्ने गरि कार्यक्रम संचालन गर्नु पर्ने छ । अर्को जिल्लामा कार्य गर्दा क्रमसः जोडिएको जिल्लालाई प्राथमिकता दिनु पर्ने छ । | परियोजनाहरु संचालन गर्दा जिल्लाको आवश्यकता अनुसार जिल्लाका सवै गाविसहरुमा कार्यक्रम गर्न प्रोत्साहन गर्न आवश्यक भएको र साथै महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट पनि सुझाव प्राप्त भएकोले । |
| ११ | नियम ३५ग थप गर्ने | थप गर्ने | नियम ३५ग थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पेश गर्ने कार्यक्रम संम्झौतामा विदेशी विषेशज्ञको आवश्यकता भएमा यस्तो जनशक्ति संख्या र आवश्यकता, औचित्यता तथा परियोजनाको कुल वजेटको आकारका आधारमा व्यवस्था गर्नु पर्नेछ । तर यस्तो विशेषज्ञ जनशक्ति नेपालमा उपलव्धता नभएको हुन पर्नेछ । | नेपाली विशेषज्ञ जनशक्तिलाई प्रोत्साहन दिने । तर देशमा सहज उपलव्धता हुन नसक्ने विदेशी विशेषज्ञहरुलाई मात्र नेपालमा कार्य अनुमतिको व्यवस्था गर्न आवश्यक भएको । साथै महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट पनि सुझाव प्राप्त भएकोले । |
| १२ | नियम ३५घ थप गर्ने | थप गर्ने | नियम ३५घ थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिषद् कार्यालयमा आवश्यक कागजत अभिलेखहरु पेश गर्दा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । | कागजातहरुको प्रमाणिकरण गर्न आवश्यक भएकोले । |
| १३ | नियम३५ङ थप गर्ने | थप गर्ने | नियम ३५ङ थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले परिषद् कार्यालयसंग परियोजना सम्झौता, नविकरण, अनुगमन तथा मूल्याँकन, सुपरिवेक्षण गर्दा अनुसूचि ७ वमोजिमको सेवा शूल्क परिषद् कार्यालयलाई भुक्तानी गर्नु पर्नेछ । तर, यस पूर्व भएका परियोजना सम्झौताहरुको हकमा यो व्यवस्था लागु हुने छैन ।<br>यसरी प्राप्त रकम हुने रकम परिषद् कार्यालयले स्थापना गरेको साझा कोषमा जम्मा गरिनेछ । सो कोषको रकमवाट परिषद्को संस्थागत सुदृढिकरण, कार्यक्रम तथा तोकिएको क्षेत्रमा कार्यविधि वनाई खर्च | परिषद्मा गुणात्मक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको आवगम र गुणात्मक परियोजना सम्झौताहरुलाई प्रोत्साहन गरि, उनीहरुको सहयोगमा संचालित परियोजनाहरुको मूल्याँकन, परिषद्को, संस्थागत सुदृढिकरण तथा कार्यक्रमहरुलाई श्रोत जुटाउन आवश्यक देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिने छ । | |
| १४ | नियम३५च थप गर्ने | थप गर्ने | नियम ३५च थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना सम्झौता गर्दा सम्वन्धित जिल्लाकालागि छुट्याएको वजेट सोहि जिल्लाका कार्यक्रममा परिचालन वा खर्च गर्नु पर्नेछ । | परियोजना सम्झौतामा सम्वन्धित जिल्लाको लागि छुट्याएको वजेट सोहि जिल्लामा परिचान नहुन सक्ने देखिएकोले । |
| १५ | नियम३५छ थप गर्ने | थप गर्ने | नियम ३५छ थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिषद् कार्यालयमा प्रवेशाज्ञा, भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर छुट, परियोजना नविकरण, परियोजना संसोधन, साधारण सम्झौता, नविकरण वा अन्य सिफारिसका लागि कागजात पेश गर्दा केन्द्रिय परियोजना सल्लाहकार समितिको वैठकको सवै भन्दा पछिल्लो वैठकको प्रतिलिपि पेश गर्नु पर्नेछ । | परियोजना सम्झौतामा व्यवस्था भएको केन्द्रिय परियोजना सल्लाहकार समितिको वैठक निर्णय परिषद्को अभिलेखमा संलग्न गर्न आवश्यक भएकोले । |
| १६ | नियम३५ज थप गर्ने | थप गर्ने | नियम ३५ज थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा संचालन हुने कार्यक्रमको सम्झौता पत्रमा परिषद् कार्यालयसंग हस्ताक्षर भए पछि मात्र सहयोगी संस्थालाई परियोजनासंग सम्वन्धित वजेट निकाशा गर्न सकिनेछ । | परियोजना सम्झौतमा दस्तखत नहुदै वजेट निकाशा हुने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक देखिएकोले । |